

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक
eprateekdaily.com



मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 18 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५९


## ठोरीमा १५ शय्याको अक्सिजनयुक्त आइसोलेशन

## चिकित्सकको अभाव, अहेबकै भर

प्रस, ठोरी, ३ जेठ/

कोरोना सङ्क्रमणको जोखिम बढ्दै गएपछि पर्साको ठोरी गाउँपालिकाले १५ शय्याको अक्सिजनसहितको आइसोलेशन तयार गरेको छ । सङ्क्रमित बढेको अवस्थामा थप पाँच शय्या तयार गर्ने गाउँपालिका अध्यक्ष पद्मलाल श्रेष्ठले बताए ।

ठोरी गापाले घ्याङडाँडामा निर्माणाधीन बौद्ध गुम्बालाई अहिले कोभिड सङ्क्रमितको उपचारका लागि आइसोलेशन सेन्टरमा परिणत गरेको हो ।

गापाले कोरोना सङ्क्रमितहरूलाई होम आइसोलेशनमा राख्न सबै वडा कार्यालयमार्फत व्यवस्था मिलाएको छ । होम आइसोलेसनमा रहेका सङ्क्रमितको स्वास्थ्य अवस्थाबारे पालिकाले निरन्तर जानकारी लिइरहेको ठोरी गापाका स्वास्थ्य संयोजक रमेशराज थिङले बताए । सङ्क्रमितको स्वास्थ्यमा गम्भीर समस्या देखिएर अक्सिजन आवश्यक परेको खण्डमा आइसोलेशनमा भर्ना गरी उपचार गरिने अन्यथा होम आइसोलेशनमा बस्न वडाध्यक्षमार्फत सबैलाई जानकारी गराएको अध्यक्ष श्रेष्ठले बताए ।

ठोरी गापामा अहिले आठजना सङ्क्रमित छन् र उनीहरू होम आइसोलेशनमा छन् । सङ्क्रमित सबैको अवस्था सामान्य रहेको र कसैलाई पनि अहिलेसम्म अक्सिजनको आवश्यकता नपरेको स्वास्थ्य संयोजक थिङले बताए । होम आइसोलेट भएकामा समस्या आए गापाको आइसोलेशनमा भर्ना गर्ने र त्यहाँबाट पनि उपचार सम्भव नभए अन्यत्र उपचारको लागि पुऱ्याउन पालिकाले निश्शुल्क एम्बुलेन्सको व्यवस्था मिलाएको संयोजक थिङले बताए ।

घ्याङडाँडा आइसोलेशनमा अक्सिजन सहितको बेड र अक्सिजन कन्सन्ट्रेटर मेशिनको व्यवस्था मिलाइएको गापा अध्यक्ष श्रेष्ठले बताए । सङ्क्रमितलाई निश्शुल्क एम्बुलेन्स सेवा, अक्सिजन र कन्सन्ट्रेटर मेशिनको व्यवस्था र तत्काल सङ्क्रमित पहिचान गर्न एन्टिजेन परीक्षणको व्यवस्था मिलाएको उनले बताए ।

कोभिडको दोस्रो लहर रोकथाम र नियन्त्रणका लागि पालिकास्तरबाट गर्न सकिने सबै प्रयास भइरहेको अध्यक्ष श्रेष्ठले दाबी गरे । त्यसका लागि २० थान सिलिन्डर अक्सिजन र पाँचथान अक्सिजन कन्सन्ट्रेटर मेशिनको व्यवस्था मिलाइएको उनले बताए । अक्सिजन कन्सन्ट्रेटर मेशिनले पानीमा हुने अक्सिजन बिरामीसम्म पुऱ्याउन मदत गर्ने उनको बताए ।

कोभिड सङ्क्रमितका लागि एउटा छुट्टै एम्बुलेन्स सेवा र ननकोभिडका लागि दुईवटा एम्बुलेन्स सञ्चालनमैं रहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

यसैगरी निषेधाज्ञाको समयमा देशका विभिन्न स्थानबाट गाउँ फर्किएकाहरूलाई होम क्वारेन्टिनमा राख्न गापाले सबै वडाध्यक्षहरूमार्फत रेखदेख गरिरहेको उनले बताए ।

### गापामा छैन मेडिकल अफिसर

कोरोना सङ्क्रमणको पहिलो लहर शुरू हुँदा नै ठोरी गापाले प्रभावकारी उपचार सेवाका लागि स्वास्थ्यतर्फ आठौं तहको मेडिकल अधिकृत र स्टाफ नर्सका लागि विज्ञापन गरेको थियो । गत वर्ष कात्तिक महीनामा पहिलोपटक र पुनः मङ्सिरमा दोस्रोपटक करारमा सेवा लिने गरी गरिएको विज्ञापनमा कसैले पनि आवेदन दिएन । एमबिबिएस उत्तीर्ण मेडिकल अफिसर एकजना र स्टाफ नर्स दुईजना माग गरेकोमा दुईपटकसम्म कसैले आवेदन नदिएपछि उक्त पद रिक्त नै रहेको स्वास्थ्य संयोजक थिङले बताए । गापाले स्वास्थ्य मन्त्रालयलाई समेत मेडिकल अफिसर र स्टाफ नर्स पठाइदिन अनुरोध गर्दै पटकपटक पत्राचार गरेको उनले बताए । तर पनि जनशक्ति व्यवस्थापन हुन नसकेपछि यस वर्ष पुनः सोही पदमा विज्ञापन गरेको र फेरि पनि कसैले आवेदन दिएको छैन । मन्त्रालयले तलबभत्ता पठाइसकेको भए पनि जनशक्ति उपलब्ध नहुँदा एचए र अहेबकै भरमा आइसोलेशन सञ्चालन गर्नुपर्ने बाध्यता आइपरेको गापा अध्यक्ष श्रेष्ठले बताए ।



ठोरी गापा-४ मा रहेको निर्माणाधिन बौद्ध गुम्बा, जसलाई अहिले ठोरी गापाले कोभिड सङ्क्रमितको उपचारका लागि आइसोलेसन बनाएको छ । तस्वीरः प्रतीक

## प्रतिकूल अवस्थामा पनि २९ जनाले रक्तदान गरे

प्रस, वीरगंज, ३ जेठ/

निषेधाज्ञा अवधिमा वैशाख १६ गतेपछि सोमवार आज कलैयामा पहिलोपटक रक्तदान कार्यक्रम भएको छ ।

कलैया सिटी जेसिज र जिनियस डान्स एकेडमीले संयुक्तरूपमा आयोजना गरेको रक्तदान कार्यक्रममा २९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

शैलेन्द्र मिश्र, विराज गिरी, राजु यादव, रोहन जयसवाल, राज यादव,

(बाँकी अन्तिम पातामा)




## सोमवार वीरगंजको अस्पतालमा आठजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ३ जेठ/

वीरगंजका अस्पतालमा सोमवार ८ जनाको मृत्यु भएको छ ।

सोमवार नारायणी अस्पतालमा पाँचजना र भवानीमा २ जना तथा वीरगंज हेल्थकेयर अस्पतालमा एक/एकजनाको मृत्यु भएको बताइएको छ ।



तस्वीरः फाइल

नारायणी अस्पतालका कोरोना संयोजक डा. सरोजरोशन दासले पाँचजना सङ्क्रमितको मृत्यु भएको बताए । उनले बारा जिल्ला निवासी ठेगाना स्पष्ट नखुलेको ४६ वर्षीय पुरुषको सोमवार बिहान पौने दुई बजे निधन भएको बताए ।

मृतक पुरुष वैशाख २० गते अस्पताल भर्ना भएका थिए । बारा गडहल निवासी ५० वर्षिया महिलाको पनि पौने दुई बजे निधन भएको उनले बताए । यसैगरी वीरगंज महानगर-८ गहवा निवासी ५० वर्षीया महिलाको बिहान तीन बजे निधन भएको उनले बताए । महिला वैशाख २३ गतेदेखि अस्पतालमा भर्ना थिइन् । वीरगंज-२२ का ४५ वर्षीय पुरुषको बिहान ६ बजे र वीरगंज-१६ राधेमाई निवासी ५२ वर्षीय पुरुषको बिहान पौने दश बजे निधन भएको संयोजक डा. दासले बताए ।

यसैगरी भवानी अस्पतालमा कालिकामाई गाउँपालिका-२ निवासी ४८ वर्षीय पुरुषको बिहान ७ बजे र सखुवाप्रसौनी गापा-२ ७० वर्षीय पुरुषको दिउँसो सवा ३ बजे मृत्यु भएको हो । यस्तै वीरगंज-१० आदर्शनगर निवासी ६५ वर्षीय पुरुषको वीरगंज हेल्थकेयर अस्पतालमा बिहान पौने १२ बजे निधन भएको जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी विनयकुमार श्रीवास्तवले बताए ।

## कोभिड एक्सन टिमद्वारा कोरोना अस्पतालको अनुगमन

प्रस, वीरगंज, ३ जेठ/

कोभिड एक्सन टिम (क्याट)ले सक्रियता बढाएको छ । नयाँ भेरिएन्टसहितको कोरोना भाइरस सङ्क्रमणले भयावह बनाएको अवस्थामा क्यानले आइतवार बैठक सम्पन्न गरी सोमवारदेखि गतिविधि बढाएको छ । हिजो बैठकपछि नारायणी अस्पतालको अनुगमन गरेको क्याटले आज नारायणी अस्पतालका सङ्क्रमित र कुरूवाहरूलाई खाजा व्यवस्था गरेको सचिव तबरेज अहमदले बताए ।

१५० जनालाई दूध, पाउरोटी र अन्डा खाजा वितरण गरेको उनले बताए । अस्पतालका कोभिड संयोजक सरोजरोशन दासलाई खाजा उपलब्ध गराउनुका साथै अस्पतालभित्रका समस्या समाधान गर्नसमेत ध्यानाकर्षण उनले जानकारी गराएका छन् ।

क्याट पर्साका संयोजक एवं जिल्ला समन्वय समिति पर्साका सभापति नेकमहम्द अन्सारी नेतृत्वको टोलीले वीरगंज महानगरपालिका-१६ नगवास्थित नेशनल मेडिकल कलेज कोरोना विशेष अस्पतालको पनि स्थलगत निरीक्षण गरेका थिए ।

अनुगमनको क्रममा क्याटले अस्पतालमा उपचारार्थ कोभिड

(बाँकी तेस्रो पातामा)



अस्पताल प्रशासनको व्यवस्थापनबारे जानकारी लिंदै कोभिड एक्सन टिम । तस्वीर : प्रतीक


## हार्दिक समवेदना



नेपाली काङ्ग्रेस पार्टीको महाधिवेशन प्रतिनिधि **भूपेन्द्र तिवारी**को ५४ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**रमेश रिजाल** (केन्द्रिय सदस्य) ***एवं***

**नेपाली काङ्ग्रेस प्रतिनिधि सभा क्षेत्र नं.-४**
**क्षेत्रीय कार्यसमिति परिवार, पर्सा**

### विचारसार र सूक्तिहरू

निर्माणको दिशा भिन्न हुन्छ। पुरानो लिकमा हिंडेर नयाँ बाटो बन्न सक्दैन। –नेपोलियन

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## युवामा सङ्क्रमणको आधिक्य

**हुनु नपर्ने हो, तर तथ्यले यस्तै देखाइरहेको छ। नेपालमा युवामा कोरोना सङ्क्रमणको ग्राफ उकालोलाग्दो छ। युवा भनेको स्वास्थ्य, धर्म, समाज, विज्ञान सबैको दृष्टिमा शक्तिशाली, जुझारु र कुनै पनि रोग प्रतिरोधक क्षमता भएको प्राणी हो। उमेर छिपिंदै गएको व्यक्ति शारीरिक, मानसिक तथा रोग प्रतिरोधक क्षमताको दृष्टिले सर्वाधिक निर्बल प्राणी हो। तर सुनसरी जिल्ला स्वास्थ्य कार्यालयद्वारा सद्यः प्रसारित तथ्याङ्कमा दोस्रो लहरको कोरोना सङ्क्रमण सबैभन्दा शक्तिशाली मानिएको युवा, त्यो पनि कल्कलाउँदो उमेर समूह (२१–३०) मा बढी प्रभावकारी हुनुले सोच्न बाध्य बनाएको छ। यद्यपि यो एउटा जिल्लाको मात्र तथ्याङ्क हो, सबै जिल्ला वा देशभरिकै तथ्याङ्क होइन। तर यसले हामीलाई सोच्न बाध्य पार्छ, यस्तो किन भयो ? सरकारी नीतिमा कमी, स्वास्थ्य संवेदनशीलतामा लापरवाही वा जनचासोको अवहेलना। मज्जको कुरा के छ भने सबभन्दा बढी उमेर, जसलाई यस रोगप्रति बढी संवेदनशील मानिन्छ, त्यो भने ढल्कँदो उमेरसँगै शक्तिशाली देखिएको छ।**

**यसबाट कुदेर कुनै एक नतीजामा पुग्नु हतार हुन सक्छ, तर त्यो नतीजा पहिलो र भरपर्दो चाहिं हो मान्नैपर्ने हुन्छ। बढी उमेरका व्यक्ति परिवारको सम्मानजनक निर्देशनमा हुन्छन्, आफैं शारीरिक कमजोरीले धेरै भागदौड गर्न सक्दैनन् र उनमा मनोवैज्ञानिक डर पनि पसाइको थियो कि कोरोनाको पहिलो शिकार उनीहरू नै बन्छन्। यही उमेर समूहमा विभिन्न नसर्ने रोगहरू पनि लागेको हुन्छ, जसले बढी उमेरका व्यक्तिहरूको रोग प्रतिरोधक क्षमतालाई कमजोर बनाइदिन्छ। यो उमेर समूह सतर्क भयो, स्वास्थ्य सचेतनाको पालन गऱ्यो, सबै स्वास्थ्य मापदण्ड अनुसार दैनिकी चलायो र सुरक्षित रहन सक्यो। अहिले समाचारहरूमा बिहे, जन्ती, भोजभतेर, भीड हुनेगरी नाचगाना, खरीददारीको नाममा सामाजिक दूरी पालना गर्ने शून्य–प्रयासजस्ता विपरीत कुराबाट यो उमेर समूह अलग रह्यो। माथिका सबै विपरीत कुरा युवामा भने लागू भयो। त्यसैले त जुन जिल्लामा बिहे, जन्ती, भोज बढी भए, त्यहाँ सङ्क्रमणको दर पनि बढी देखियो। खासगरी गाउँ–देहातमा। त्यो तराईतिर होस् वा पहाडतिर, अचाक्ली गर्नेहरूलाई कोरोनाले आफ्नो दपेटमा पार्न किञ्चित विलम्ब गरेन।**

**तर यति मात्रले बढी उमेर समूह सुरक्षित हुन्छ भन्ने पटक्कै होइन। जुन परिवारको युवा सङ्क्रमित छ, त्यहाँ यो रोग सबैमा नसर्ने कुनै कारण छैन। हो पाका मानिसहरू अस्पताल र एलोपैथी औषधिको भरमा मात्र बस्दैनन्। नानीदेखि उनीहरूले विभिन्न भाइरसजन्य रोग भोग्दै आएका छन्। आज आधुनिक औषध विज्ञानले स्वीकार गरेको तातोपानी, काँढा, बेसार, तुलसीको पात, गुर्जो, मरिचजस्ता पदार्थको सेवन उनीहरूको दैनिकीमैं समेटिएको हुन्छ, जसलाई युवाले हेय मात्र ठान्दछ। हामी जुन भूगोलमा बस्छौं, जुन जलवायुले हामीलाई हुर्काएको छ, जुन परम्परागत भोजनले हाम्रो पोषण गरेको छ, आजको युवा त्यसविपरीत कृत्रिम भोजनमा आश्रित हुन पुगेको छ। आज सबैथोक बजारमा तयारी अवस्थामा पाइन्छ। यसैले हुनुपर्छ युवामा प्राकृतिक इम्युन पावर कम हुँदै गएको छ। कृत्रिमताप्रति लालायित यो उमेर समूह उद्दण्ड पनि हुन्छ, उसले नियम–कानूनको अवहेलनालाई आफ्नो श्रेष्ठता ठानेको हुन्छ, त्यसैले सामाजिक दूरीलाई मान्दैन। जो होस् मूल कारण पत्ता लगाउन सकियो भने सबैको भलो हुन्छ।**

# कोरोना कहर र सरकारको शून्य भूमिका

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**महामारीले थप जटिलता नल्याओस् भनी उचित व्यवस्थापनतर्फ अविलम्ब पहल गर्नुपर्छ।राजनीतिमा विरोध हुनु स्वाभाविक हो, तर सबै विरोधको एक मात्र उपचार जनताको सेवा एवं सन्तुष्टि हो। सेवाबाट जनतालाई सन्तुष्ट पारियो भने कुनै विरोधले कुनै असर पार्दैन।**

कोरोना कहर सरकारको शून्य भूमिका

२०८ देशमा फैलिएको कोरोनाबाट अहिले हाम्रो देशमा साढे लाखको हार हारीमा सङ्क्रमित पुगेका छन्। अहिले सङ्क्रमितलाई आइसोलेशन एवं कोरेन्टिनमा राख्न बाध्य नपार्नु सङ्क्रमण फैलिने ठूलो जोखिमको रूपमा देखा परेको छ। यसको प्रतिकूलता अहिले नै देखिइसकेको छ। प्रायः घरमा बिरामी देखिनु यसैका प्रतिफल हो। विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई अति जोखिम भएको मुलुकको रूपमा आकलन गरेकोमा सो आकलन प्रमाणित हुँदै गएको छ। महामारीको नयाँ भेरिएन्टले गत वर्षको तुलनामा अति ताण्डव मचाएको छ। दैनिक अढाई सयको हाराहारीमा नेपालीको मृत्यु हुन थालेको छ भने नौ हजारभन्दा बढी गम्भीर सङ्क्रमित भएको सरकारी तथ्याङ्कबाट देखिन्छ। यद्यपि अस्पतालमा औषधी एवं भौतिक पूर्वाधारको अभावले लगभग ६० प्रतिशत बिरामी अस्पताल नगई घरमैं उपचार गरिरहेका छन्। श्वासप्रश्वासमा एकदमै कठिनाई नभएसम्म अस्पताल नजाने सामाजिक मनोविज्ञान भएको हामैं समाजमा सार्वजनिक तथ्याङ्कभन्दा निकै बढी सङ्क्रमित छन् भन्न कर लाग्छ।

गाउँगाउँ, जिल्लाजिल्लामा सम्पर्क गर्दा घरैपिच्छे रुखाखोकी, ज्वरोको बिरामी पाइन्छन्। गत वर्षजस्तो क्वारेन्टिन, आइसोलेशनमा ट्रेसिङ गरियो भने पचहत्तर प्रतिशतभन्दा बढी सङ्क्रमित देखिने छन्।

यस यथार्थलाई सरकारले महसूस गरी महामारीको नियन्त्रण एवं व्यवस्थापनमा गम्भीर पहल गर्नुपर्नेमा सरकार झारोटराई मात्र गरिरहेको छ। देशमा तीन तहको सरकार छ, तर बिरामीहरूको लागि कसैले ठोस सरोकार देखाएको छैन। अस्पतालमा रहेका बिरामी र कुरूवाहरूको अवस्था हेर्दा आङ सिरिङ हुन्छ। पानीविनाको माछाझैं छटपटाए कुरूवा र बिरामी क्रन्दन गरिरहेको अवस्था छ। अस्पतालको अस्तव्यस्तता हेर्दा अस्पताल बिरामीको कैदखाना सरह देखिंदैछ। जहाँबाट रोगीलाई न बाहिर लान मिल्छ, न त्यसको अधिकार नै दिइन्छ। जबकि संविधानको धारा ३५ ले स्वास्थ्यको अधिकार मौलिक हकको रूपमा राखेको छ। स्वास्थ्य ऐनले अस्पतालको बिरामीको उचित उपचार गर्नु डिउटी अफ केयरको रूपमा मानेको छ। यस्तो नगरे आपराधिक दायित्व सिर्जना हुन्छ। फोरेन्सिक मेडिसिनले पनि यसलाई विधि विपरीतको कार्य मानेको छ। सङ्क्रमितलाई अस्पतालमा भर्ना लिने कुरामा आनाकानी छैन जुन सराहनीय कुरा हो तर अस्पतालहरूमा बेड, आइसियु, भेन्टिलेटरको अभावले कतिपय बिरामीले भर्ना पाइरहेका छैनन्। ५५ सय रुपियाँमा पाइने इन्जेक्शन एक त सहज उपलब्ध छैन, कालाबजारीबाट पचासौं हजार तिरेर खरीद गर्नुपर्छ। यो महामारीमा जनता लुट्ने काम त हुँदै हो, यसले नैतिकताको अभाव रहेको पुष्टि गर्छ। कालाबजारी नियन्त्रण तथा महामारी नियन्त्रणका लागि आवश्यक औषधीको आपूर्तिमा तीनै तहका सरकार असफल रहेको मान्नैपर्छ। बिरामीका लागि आइसियु, भेन्टिलेटरको व्यवस्थापन गर्न नसक्नु सरकारको ठूलो कमजोरी हो। यसको लागि सरकारसँग विपक्षी दल समेतले माग गर्न नसक्नु राजनीतिक बेइमानी पनि हो। वीरगंज महानगरमा, जुन आर्थिक राजधानीको रूपमा चिनिन्छ, सयकडौ सुविधासम्पन्न अस्पताल छन् भने महानगरले आफ्नै बलमा कतिपय होटेल एवं धर्मशालामा अस्थायी अस्पताल बनाएको छ। यस्ता ठाउँमा पनि बेडको अभाव देखिन्छ भने अन्य साना शहर, गाउँहरूको कति बेहाल होला, अनुमान गर्न सकिन्छ।

दुई दिन पहिले रौतहटको २२ वर्षीय बिरामी वीरगंज ल्याइए। उनलाई भर्ना गर्न सरकारी अस्पतालमा बेड पाइएन। सबै निजी अस्पताल धाउँदा पनि बेड पाइएन। बिरामी श्वासप्रश्वासको अवरोध एवं अक्सिजन अभावले मर्ने–बाँच्ने दोसाँधमा थिए। बल्लतल्ल एउटा निजी अस्पताल भर्ना गर्न राजी भयो तर उसले न रेम्डिसिभिर छ, न आइसियु बेड नै छ, न भेन्टिलेटर भनेर आफ्नो लाचारी जाहेर गऱ्यो। तत्काल इन्जेक्शनको व्यवस्था गर्नुस् वा आइसियुमा लानुस् भनेपछि निरुपाय ती युवकले दुनियाँ छोड्नु पऱ्यो। उनको मृत्यु हुनुमा आइसियु, भेन्टिलेटर र अक्सिजनको अभाव नै देखियो। यो जिम्मेदारी सरकारको हो।

अहिले वीरगंजमा दैनिक दर्जनभन्दा बढी मानिसको मृत्यु हुँदैछ। अस्पतालहरूमा कस्तो उपचार भइरहेको छ, कसैलाई जानकारी छैन। उपचार हुँदाहुँदै दैनिक मानिस किन मर्दैछन् कसैले चासो लिएको छैन। सरकारले निषेधाज्ञा जारी गरेको छ। औषधी खरीद गर्न वा आवश्यक खाद्यान्न किन्न जाँदा अवरोध गरिन्छ। यस्तो परिस्थितिमा अस्पतालमा कस्तो उपचार भइरहेको छ, आवश्यक औषधी र सामग्रीको आपूर्ति अवस्था कस्तो छ कसरी थाहा हुन्छ ? नारायणी अस्पताल, वीरगंजको केही दृश्य केही टिभी चायनेलले प्रत्यक्ष देखाउने गरेका छन्। अस्पतालभित्र न नर्स देखिन्छन्, न चिकित्सक, अक्सिजन गुडाउनेदेखि लगाउने, मेडिसिन दिनेसम्मको कार्य कुरूवा र बिरामी आफैंले गरेको देखिन्छ। सङ्क्रमितलाई आफन्तहरू, कसैले छाती सुम्सुमाएको देखिन्छ भने कसैले हात–खुट्टा पिठ्यूँ, त कसैले पसिना पुछेको। कसैले बिरामीलाई अँगाला हालेर शान्त गर्ने प्रयास गरेको देखिन्छ। बिरामी तथा कुरूवाले डाँको छाडी रोएको असहनीय दृश्य देखिन्छ। सङ्क्रमितको सम्पर्कमा जान नहुने, सामाजिक दूरी कायम गर्ने सरकारले महामारी नियन्त्रणको नीति बनाए पनि यो नीति अस्पतालमा लागू भएको देखिएन। मान्छेको जीवन कसैको हातमा छैन, तर अस्पताल भनेको प्रयास गर्ने ठाउँ हो। त्यो प्रयास सम्बन्धित विज्ञबाट गरिनुपर्छ, जसका लागि सरकारले अस्पताल, चिकित्सक र नर्सको व्यवस्था गरेको छ। ती सबै हुँदाहुँदै पनि अस्पतालभित्र कुरूवा र बिरामीको बेवास्ता हुनु ठूलो अन्याय हो।

अहिले हरेक टोल–घर सङ्क्रमणबाट आक्रान्त छ तर कतै निर्मलीकरणसम्म गर्न सकिएको छैन। अदालत तथा सरकारी वकीलजस्ता कार्यालयमा एकैपटक तीन दर्जन कर्मचारी सङ्क्रमित देखिए तर कार्यालय निर्मलीकरण गरिएन। विशेषगरी मधेसमा राजनीति गर्ने मधेसी दलहरू पनि यसमा गैरजिम्मेवार नै देखिए। यद्यपि अहिले उनीहरू जनताको दुःखभन्दा सत्ता स्वार्थमा लागेका छन्। लामो सङ्घर्षपछि एकता भएको मधेसवादी दलहरू पुनः विभाजनको अवस्थामा पुगेका छन्। कुनै बेला जुन दल र नेताले मधेस र मधेसीलाई तल्लो दर्जामा देखाउने प्रयास गरे, जसले मधेसवादी दलमा विभाजन ल्याउने प्रयास गरे। आज उही दललाई एक बनाउने, उनै नेतालाई शक्तिशाली बनाउने र आफ्नो दल विभाजन हुने भूमिका निर्वाह गरेका छन्। अहिले जसको सरकार भएपनि खासै टाउको दुःखाइ गर्ने कुरा होइन, किनभने चुनावका लागि थोरै मात्र समय बाँकी छ। अहिले सरकार परिवर्तनको अनावश्यक कुरा थाती राखेर सङ्क्रमण फैलिन नदिन, सङ्क्रमितहरूको उपचारमा कुनै किसिमको कमी–कमजोरी हुन नदिन, औषधी, अस्पताल, बेड, अक्सिजन, आइसियु आपूर्ति गर्न राजनीतिक दल, स्थानीय तथा प्रादेशिक सरकारले सङ्घीय सरकारलाई घच्घचाउनुपर्छ। विदेशी दातृ निकायसँग पनि सहयोगको अपील गर्नुपर्छ। जनताको जीवन रक्षाभन्दा ठूलो सरकारको अरू कुनै भूमिका हुँदैन। यसर्थ वास्तवमा देश र जनताको लागि राजनीति गर्ने हो भने अहिले सरकार र पार्टीभित्रको द्वन्द्व थाती राखी महामारीको चपेटमा परेको जनताको ज्यान सुरक्षा र सङ्क्रमण सर्न नदिने भूमिका निर्वाहमा लाग्नुपर्छ।

दुईतिहाई बहुमतबाट खस्केर भए पनि केपीशर्मा ओली पुनः प्रधानमन्त्री बनेको अवस्थामा अस्पतालमा बेड, अक्सिजन, भेन्टिलेटर, आइसियु, इन्जेक्सन नपाएर नागरिकको ज्यान जाने अवस्था नरहोस् भनेर सरकारले आफ्नो भूमिका निश्चित गर्नुपर्छ। दुईतिहाई बहुमतबाट प्रधानमन्त्री बनेका व्यक्ति ३० दिनको लागि अल्मतमा परेर पुनः प्रधानमन्त्रीमा नियतिले नै साथ दिएको मान्नुपर्छ। यसबाट अघिल्लो सरकारको भूमिका सकारात्मक नरहेको सङ्केत देखिन्छ। सरकारले राम्रो काम नगरेको विधिवत् सङ्केत पाए पनि पुनः प्रधानमन्त्री बन्नु ठूलो अवसर हो। यो अवसरको सदुपयोग गर्नुपर्छ। तत्काल महामारीको पीडाबाट छटपटिएको जनतालाई राहत दिने व्यवस्था गर्नुपर्छ। कालोबजारी नियन्त्रण गर्न र महामारीले थप जटिलता नल्याओस् भनी उचित व्यवस्थापनतर्फ अविलम्ब पहल गर्नुपर्छ। राजनीतिमा विरोध हुनु स्वाभाविक हो, तर सबै विरोधको एक मात्र उपचार जनताको सेवा एवं सन्तुष्टि हो। सेवाबाट जनतालाई सन्तुष्ट पारियो भने कुनै विरोधले कुनै असर पार्दैन। यसर्थ महामारीको नियन्त्रण र सङ्क्रमितको उपचारमा वर्तमान सरकारको भूमिका शून्यप्रायः रहेकोले कमजोरी सुधार गरी जनताको ज्यानको रक्षा गर्नु नै अहिले सरकारको एक मात्र दायित्व हो।

# कामपामा डरलाग्दो तथ्याङ्क, परीक्षणमा ७० प्रतिशतमा कोरोना पुष्टि

काठमाडौं, ३ जेठ/रासस

कोभिड–१९ सङ्क्रमण बढ्न थालेपछि पछिल्लो समय काठमाडौं महानगरपालिकामा कोरोना परीक्षण गरिएकामध्ये ७० प्रतिशतलाई व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ। गत शनिवारसम्म स्वाब सङ्कलनका लागि पाँचवटा केन्द्र बनाएर काम गरिरहेको कामपाले हरेक दिन सङ्क्रमितको सङ्ख्या बढ्दै गएकोले आइतवारदेखि १६ वटा परीक्षण स्थल तोकेर परीक्षण कार्य तीव्र बनाएको छ।

कामपाको ३२ वडाबाट मात्रै अहिले हरेक दिन ६०० जनाको परीक्षण हुने गरेको र परीक्षण गरिएकामध्ये ४२० जनामा सङ्क्रमण पुष्टि हुने गरेको कामपा जनस्वास्थ्य महाशाखाले जनाएको छ।

कामपाका ल्याब टेक्निसियन राधिका कुइँकेलका अनुसार परीक्षणका लागि आवश्यकता अनुरूप टोली तयारी अवस्थामा रहेको छ। "कोरोनाको शङ्का देखिएका र वडाले खटाए अनुसार अहिले परीक्षणको काम व्यापक बनाइएको छ"– कुइँकेलले भनिन्।

सङ्क्रमण पुष्टि भएको १४ दिनपछि पुनः परीक्षण गर्नु नपर्ने मान्यता रहे पनि कामपाको हकमा भने १४ दिनपछि निको भएकाहरूले पनि पुनः परीक्षणको माग राख्दै आएकाले केही समस्या भएको छ। अहिलेसम्म कामपाले सबैको निश्शुल्क परीक्षण गर्दै आएको छ।

परीक्षण मात्रै होइन, परीक्षणका क्रममा समस्या बढी भएका बिरामीहरूलाई एम्बुलेन्समा राखी अस्पतालसम्म लाने र ल्याउने व्यवस्थासम्म कामपाले नै गर्दै आएको छ।

यसका लागि पनि नागरिकले पैसा तिर्नुपर्दैन। यसरी कोरोना पोजिटिभ भएका बिरामीका लागि एम्बुलेन्ससँग कामपाले दुई हप्ता अघि नै सम्झौता गरिसकेको छ। कामपाको २३ वडामध्ये सात स्थानबाट नागरिकले सेवा प्राप्त गर्न सक्नेछन्। कोरोनाका बिरामीले मात्रै होइन, अन्य दीर्घ रोग भएका कसैलाई अस्पतालसम्म जान र आउन परेमा कामपाले निश्शुल्क एम्बुलेन्सको व्यवस्था गरेको छ। त्यसका लागि आवश्यक पर्ने जो कोहीले ११८० कामपाको हटलाइन नम्बरमा सम्पर्क गर्नुपर्नेछ।

कामपाका जनस्वाथ्य महाशाखा प्रमुख हरिबहादुर कुँवरका अनुसार पछिल्लो समय कामपामा सङ्क्रमण दर अत्यधिक बढेको छ, यसरी नै सङ्क्रमित बढ्ने हो भने अवस्था जटिल हुन सक्छ, त्यसैले सबै बेलैमा सावधान हुन आवश्यक छ।

"गत वर्षको बन्दाबन्दीमा नागरिक बढी सचेत थिए तर अहिले त्यो अवस्था छैन। विभिन्न बहानामा नागरिक घरबाहिर निस्किरहेको पाइन्छ, यसले जोखिम त बढाएको छ नै, नियन्त्रणका लागि कामपाले कठोर कदम चाल्नुपर्ने आवश्यता पनि देखिएको छ"– प्रमुख

(बाँकी तेस्रो पातामा)

### कामपामा १० हजार बढी सक्रिय सङ्क्रमित

हालसम्म कामपामा ५१ हजार ४१२ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। तीमध्ये १० हजार ८०१ सक्रिय सङ्क्रमित छन्। सबैभन्दा बढी वडा नं ३२ मा चार हजार ७५५ रहेको छ भने सबैभन्दा कम वडा १८ मा २०७ जनामा कोरोना पुष्टि भएको छ। त्यसैगरी हालसम्म ४० हजार २३६ जना यस रोगबाट मुक्त भएका छन्। कोरोना सङ्क्रमणकै कारण ३४५ ले ज्यान गुमाएका छन्।

कामपामा हाल सङ्क्रमितमध्ये १० हजार १८१ होम आइसोलेशनमा छन् भने ११४ जना संस्थागत आइसोलेशनमा र ५०६ ले अस्पतालमा उपचार गराइरहेका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा कोभिड-१९ का दैनिक सङ्क्रमित तीन लाखबाट घटे

नयाँ दिल्ली, ३ जेठ/सिन्ह्वा

कोरोना भाइरस महामारीको दोस्रो लहरबाट ठूलो मानवीय सङ्कट झेलिरहेको भारतमा विगत २४ घण्टामा थप दुई लाख ८१ हजार ३६८ जना सङ्क्रमित थपिएका छन् ।



तस्वीर: एजेन्सी

यो सङ्ख्या गत अप्रिल २१ तारिख पछिकै सबैभन्दा कम भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमवार जनाएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ८१ हजार ३६८ जना नयाँ सङ्क्रमित भेटिएका हुन् । सो मन्त्रालयले यहाँ अघिल्लो अप्रिल महीनाको २१ तारिखपछि हरेक दिन चार लाखभन्दा बढी मानिस सङ्क्रमित भएकोमा पछिल्ला केही दिनहरूमा यो सङ्ख्या घट्दै गएको देखिएको हो ।

त्यसैगरी यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारीमा गएको २४ घण्टा यता यहाँका ४ हजार १०६ जनाको कारोना सङ्क्रमणबाट मृत्यु भएको छ। सोमवार सार्वजनिक भएको यो तथ्याङ्कसँगै भारतमा कोरोना भाइरसको सङ्क्रमणबाट अहिलेसम्म २ लाख ७४ हजार ३९० जनाको ज्यान गएको पनि बताइएको छ ।

मन्त्रालयका अनुसार कोभिड-१९ सङ्क्रमितको कुल सङ्ख्या दुई करोड ४९ लाख ६५ हजार पुगेको छ, जसमध्ये दुई करोड सात लाख ९५ हजार व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । भारतमा गत जनवरीमा कोभिड-१९ विरुद्ध खोप लगाउन शुरू भएको थियो । हालसम्म १८ करोड २२ लाख व्यक्तिलाई खोप दिइएको मन्त्रालयले जनाएको छ ।

गत मे १ देखि भारत सरकारले १८ वर्षभन्दा माथि उमेरका सबै व्यक्तिलाई खोप दिने योजना अघि सारे पनि पर्याप्त खोप उपलब्ध नहुँदा सहज रूपमा खोप अभियान अघि बढ्न सकेको छैन ।

भारतमा सङ्क्रमित व्यक्तिको सङ्ख्या दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ ।

तर सङ्क्रमित अत्यधिक देखिएका दिल्ली, मुम्बईसमेतका शहरमा राज्य सरकारले लकडाउन, प्रतिबन्ध, कर्फ्यु लगाएका छन् ।

पछिल्ला दिनमा कोभिड सङ्क्रमितको सङ्ख्या बढेसँगै ठूलो सङ्कट बढ्दै गएको छ । यो सङ्कटको सामना गरिरहेको भारतमा हाल अक्सिजनको आपूर्ति र अत्यावश्यक औषधि तथा अस्पतालमा अत्यावश्यक सेवाको पनि चरम अभाव भएको छ । रासस

## बम राख्दै गरेका तालिबानी लडाकूको विस्फोटमा मृत्यु

अफगानिस्तान, ३ जेठ/सिन्ह्वा

सोमवार बिहान अफगानिस्तानको पश्चिमी प्रान्त हेरातको एउटा सडकमा बम राख्दै गरेका तालिबानी लडाकूको सोही बम विस्फोटमा परेर मृत्यु भएको छ ।

उक्त प्रान्तका सुरक्षा अधिकारीले सो जानकारी दिएका छन् । उनका अनुसार सडक छेउमा तीनजना तालिबानी लडाकूले बम राख्दै गरेका थिए ।

अफगानिस्तानमा तालिबानी लडाकूहरूले सडक छेउ लुकाइछिपाई बम राख्ने र विस्फोट गराएर सर्वसाधारणको ज्यान लिने गरेका छन् ।

तर आज बम राखेर भाग्दै गर्दा अकस्मात् बम विस्फोट भएपछि बम राख्ने तीनैजनाको ज्यान गएको बताइएको छ । रासस

## इजरायली लडाकू विमानद्वारा गाजा शहरमा थप आक्रमण

गाजा सिटी, ३ जेठ/एपी

इजरायली लडाकू विमानहरूले सोमवार बिहानै गाजा शहरका धेरै ठाउँलाई लक्षित गरी भिषण आक्रमण गरेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामा शासन गरिरहेका हमास समूहका विद्रोहीलाई लक्षित गरी थप सैन्य कारबाई गर्ने सङ्केत गरेसँगै हवाई आक्रमण शुरू भएको हो ।

करिब १० मिनेटको अन्तरालमा गाजा शहरका उत्तरदेखि दक्षिणसम्मका विभिन्न स्थानमा भिषण हमला भएका थिए । अघिल्लो दिनभन्दा पछिल्लो पटक भएका आक्रमणहरू ठूलो क्षेत्रमा फैलिएका छन् । हवाई हमलामा अघिल्लो एकै दिन ४२ जना प्यालेस्टिनीको मृत्यु भएको थियो ।

इजरायली सेनाले गाजास्थित नौ जना हमास कमान्डरका घरलाई लक्षित गरी हवाई आक्रमण गरिएको जनाएको छ । सोमवार बिहानै भएका पछिल्लो आक्रमणबाट कोही घाइते भए वा नभएको बारेमा स्पष्ट भइसकेको छैन ।

आइतवार टेलिभिजनबाट सम्बोधन गर्दै प्रधानमन्त्री नेतन्याहूले इजरायलले पूर्ण क्षमताका साथ हमास लडाकू विरुद्ध आक्रमण जारी राखेको बताउँदै यस आक्रमणमा अझै केही समय लाग्ने बताए। उनले हमासका विद्रोही समूहले ठूलो मूल्य चुकाउनुपर्ने बताए ।

हमासका विद्रोहीले पनि इजरायलमाथि दबाब कायमै राखेको छ। गाजा शहरका बस्तीहरूबाट हमासका लडाकूले इजरायलमाथि दिनहुँ क्षेप्यास्त्र आक्रमण गरिरहेका छन् ।

यसअघि सन् २०१४ मा हमास र इजरायलबीच भिषण युद्ध भएको थियो। तर यसपटकको विनाश सन् २०१४ को भन्दा विनाशकारी रहेको दुबै युद्ध देखेका गाजामा आपतकालीन सेवामा सक्रिय समिर अल-खातिबले बताए ।



तस्वीर: रायटर्स

हमासले यसअघि गत सोमवार जेरूसेलममाथि क्षेप्यास्त्र प्रहार गर्न शुरू गरेको थियो जसका कारण इजरायलले गाजामाथि भिषण कारबाही थालेको हो ।

गाजामा भएका सयौं हवाई आक्रमणबाट हालसम्म कम्तीमा १८८ जना प्यालेस्टिनीको ज्यान गइसकेको छ जसमा ५५ जना बालबालिका र ३३ जना महिला छन् । आक्रमणबाट एक हजार २३० जना घाइते भएका छन् । गाजाबाट इजरायलतर्फ प्रहार गरिएका तीन हजारभन्दा बढी क्षेप्यास्त्रबाट हालसम्म आठ जनाको मृत्यु भएको छ ।

हमास र इस्लामिक जिहाद विद्रोही समूहले आफ्नातर्फ २० जना लडाकू मारिएको स्वीकार गरेका छन् तर इजरायली सेनाले यो भन्दा अझ ठूलो सङ्ख्यामा लडाकू मारिएको जनाएको छ ।

पछिल्ला आक्रमणबाट जोगिन झन्डै ३४ हजार प्यालेस्टिनीले आफ्ना घर छाडेका राष्ट्रसङ्घीय कुटनीतिज्ञ टोर वेनेसल्यान्डले राष्ट्रसङ्घीय सुरक्षा परिषदलाई जानकारी गराए ।

इजरायलमाथि दबाब दिने उद्देश्यले राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट वक्तव्य जारी गर्ने चीन, नर्वे र ट्युनिसियाको प्रयासलाई संयुक्तराज्य अमेरिकाले रोकिदिएको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – मिबमिलन |
| मिथुन – अतिथिआगमन | कर्कट – सुयश |
| सिंह – व्यर्थभ्रमण | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – राज्यलाभ |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## वरिष्ठ साहित्यकार सुवेदीको निधन

काठमाडौं, ३ जेठ/रासस

वरिष्ठ साहित्यकार प्रा राजेन्द्र सुवेदीको कोरोना सङ्क्रमणका कारण ७६ वर्षको उमेरमा आज बिहान निधन भएको छ। उनको केही दिन यता शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रको भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो भने सोअघि ह्याम्स अस्पतालमा उपचार गरिएको थियो ।

विसं २००२ साउन १९ गते पाँचथरमा जन्मेका सुवेदीका कविता, निबन्ध, प्रबन्ध समालोचना आदि गरी तीन दर्जन पुस्तक प्रकाशित छन् ।

त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा ३७ वर्ष प्राध्यापन गरेका सुवेदी केन्द्रीय नेपाली विभागका पूर्वप्रमुख, गोरखापत्र संस्थानका पूर्व अध्यक्ष तथा महाप्रबन्धक थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव प्रा जगत्प्रसाद उपाध्याय 'प्रेक्षित' ले सुवेदीको निधनले साहित्यका क्षेत्रले ऊर्जाशील व्यक्तित्व गुमाएको र अपूरणीय क्षति भएको बताए ।

### कोभिड एक्सन टिमद्वारा.....

सङ्क्रमितहरूको स्वास्थ्य अवस्था र अस्पताल प्रशासनको व्यवस्थापनबारे जानकारी लिएको सचिव अहमदले बताए। अनुगमनको क्रममा सङ्क्रमितहरूलाई अक्सिजनको अभाव भएको पाइएको थियो ।

अस्पतालका डा. ओमप्रकाश कुशवाहाले आवश्यकता र माग बमोजिम अक्सिजन आपूर्ति नभएकोले बेलाबेलामा समस्या आइपरेको बताए। उनले प्रतिदिन दुई सयभन्दा बढी अक्सिजनको माग रहेको तर ३० वटा प्राप्त हुने गरेको बताए। यसबारे कोभिड सङ्कट व्यवस्थापन केन्द्र, पर्साको ध्यानाकर्षण गराइने सचिव अहमदले बताए ।

अनुगमनमा क्याटका सदस्य श्याम पटेल, बाबूराम कौशिक, सञ्जीव मिश्रलगायतको सहभागिता थियो ।

### कामपामा डरलाग्दो तथ्याङ्क.....

कुँवरले भने ।

**१२ अस्पतालसँग सम्झौता**

कोभिड-१९ को सङ्क्रमणविरुद्ध लड्नका लागि कामपाले आफ्नो क्षेत्रभित्र रहेका १२ अस्पतालले माग गरे अनुरूप क्षमता बढाउन आवश्यक उपकरण तथा व्यवस्थापनमा सहयोग गर्नका लागि एकै दिन सात अस्पतालसँग सम्झौता गरेको छ। अस्पतालको व्यवस्थापन तथा उपचार प्रणालीमा सुधार तथा क्षमता वृद्धि गरेर सङ्क्रमणमा परेका बिरामीलाई बचाउन महानगरले आफ्नो क्षेत्रभित्रका सरकारी तथा सामुदायिक १२ अस्पतालसँग अनुदान रकम दिन सम्झौता गरिसकेको छ ।

कामपाले यसरी सम्झौता गरेका अस्पतालमा वीरेन्द्र सैनिक अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, क्षेत्रपाटी निश्शुल्क चिकित्सालय, निजामती कर्मचारी अस्पताल, महेन्द्रनारायण निधि मेमोरियल अस्पताल, हेल्पिङ ह्यान्ड्स सामुदायिक अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्र, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, मोडल अस्पताल र नेपाल कोरिया मैत्री अस्पताल रहेका छन् ।

यस अघि कामपाले वैशाख २४ गते सम्झौता गरेर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताललाई १० थान भेन्टिलेटर उपलब्ध गराइसकेको छ। त्यस्तै वैशाख २७ गते नरदेवी आयुर्वेदिक अस्पतालसँग अक्सिजनसहित उपकरण जडान गर्नका लागि सम्झौता गरिसकेको छ ।

"सानासाना युनिटमा आइसोलेशन वा उपचारका अन्य प्रणाली विकास गर्दा धेरै स्रोत र साधन खर्च हुन्छ। यी ठाउँहरू उपचारका लागि अन्तिम ठाउँ होइनन् । यहाँ कसैलाई जटिल समस्या भयो भने लानुपर्ने अस्पताल नै हो"- कामपा प्रमुख विद्यासुन्दर शाक्यले भने-"त्यसैले हामीले भौतिक संरचना, विशेषज्ञ जनशक्ति र प्रणाली भएका सामुदायिक र सरकारी अस्पतालको क्षमता बढाउनेतर्फ जोड दिएका हौं ।"

# फरक समाचार

## निमोनियाको खोपले कोरोनाबाट जोगाउँछ ?

निमोनियाको खोपले कोरोनाबाट बचाउँछ ? कस्ता रोगी होम आइसोलेशनमा बस्नुपर्छ, के मास्क लगाएर खोक्दा भाइरसले अन्यलाई सङ्क्रमित गर्न सक्छ ? कोरोनासँग सम्बन्धित थुप्रै प्रश्नको जवाफ राम मनोहर लोहिया अस्पताल, नयाँ दिल्लीका सिनियर जनरल फिजिशियन डा एके वार्ष्णेयले दिएका छन् ।



- कोरोना सङ्क्रमण भएपछि फोक्सो कति सङ्क्रमित छ भनी बुझ्न सिटी स्क्यान आवश्यक छ ?

\+ यदि आरटी-पिसिआर रिपोर्ट पोजिटिभ छ र अक्सिजनको स्तर खस्किंदै छ भने आफैंले सिटी स्क्यान गर्नुहुँदैन । चिकित्सककहाँ जानुपर्छ । यदि ज्वरो उत्रिरहेको छैन भने कयौंपटक रक्त परीक्षण पनि गर्नुपर्छ ।

- यदि आरसिटी-पिसिआर रिपोर्ट नेगेटिभ छ, कोभिडको लक्षण छ र अक्सिजनको स्तर खस्किंदै छ भने त्यति बेला निमोनियाको खतरा बढ्छ र चिकित्सकले सिटी स्क्यान गराउँछन् । सिटी स्क्यानको मदतबाट फोक्सोमा निमोनियाको स्तर कति छ, यो पत्ता लाग्छ। सिटी स्क्यानमा दुवै फोक्सोलाई २५ भागमा बाँडिन्छ। त्यसमध्ये कति भाग प्रभावित भएको छ यो पत्ता लाग्छ ।

- होम आइसोलेशनमा बस्न कस्ता रोगीलाई सल्लाह दिइन्छ ?

\+ कोरोनामा ९० प्रतिशत रोगीमा अपर रेस्पिरेटरी इन्फेक्शन हुन्छ अर्थात् ज्वरो, शरीर दुख्ने, घाँटी खसखसाउने, स्वाद र सुगन्ध थाहा नपाउने जस्ता लक्षण देखिन्छ। यस्ता व्यक्ति १० देखि १५ दिनसम्म घरमा बसेर ठीक हुन सक्छन् तर त्यसको लागि घरमा एउटा भिन्दै कोठा हुनुपर्छ, पल्स आक्सिमिटर, ज्वरो नाप्ने थर्मामिटर दिएर होम आइसोलेशमा बस्न सल्लाह दिइन्छ। बुजुर्ग, मधुमेह, मुटुरोगी छन् भने पनि उनीहरूलाई होम आइसोलेशनमा बस्न सुझाव दिइन्छ । चिकित्सकको सम्पर्कमा रहिरहने वा परिवारका सदस्यको हेरचाहमा होम आइसोलेशनमा बस्न सल्लाह दिइन्छ ।

- निमोनियाबाट बच्न खोप लगाउँदा फोक्सोमा कोरोना भाइरसको असर पर्दैन ?

\+ फोक्सोमा इन्फेक्शन कैयौं कारणले हुन सक्छ, जसलाई निमोनिया भनिन्छ । केही व्यक्ति जस्तै बुजुर्ग, सिओपिडी, अस्थमा, मधुमेह भएका व्यक्तिमा न्युमोकोकल र इन्फ्लुएन्जाबाट पनि फोक्सोमा निमोनिया हुने खतरा रहन्छ। यसबाट बच्नको लागि न्युमोकोकल र इन्फ्लुएन्जाको खोप दिइन्छ। यसले फोक्सोको सङ्क्रमणबाट बचाउन मदत गर्छ। जहाँसम्म कोरोनाको प्रश्न छ, यसबाट बच्नको लागि अलगै खोप उपलब्ध भइसकेको छ। यही खोप कोरोनाबाट बचाउको उपाय हो ।

- आइसोलेशन समाप्त भएपछि व्यक्तिले भाइरस सार्न सक्छ ?

\+ यदि कुनै सङ्क्रमितमा लक्षण देखिरहेको छैन वा हलुका लक्षण छ भने आइसोलेशनको १० दिनमा ३ देखि ६ दिनसम्म ज्वरो छैन भने त्यसबाट सङ्क्रमणको खतरा कम हुन्छ। यदि औषधि लिंदैछ वा बीचमा ज्वरो वा खोकी जस्तो लक्षण छ भने भाइरसको सङ्क्रमण फैलाउन सक्छ। यसैले आइसोलेशन पूरा गर्नुपर्छ। रिपोर्ट नेगेटिभ नआउँदासम्म दूरी बनाएर बस्नुपर्छ । रिपोर्ट नेगेटिभ आएपछि सङ्क्रमणको खतरा हुँदैन ।

- कसैले मास्क लगाएर खोक्छ वा बोल्छ भने भाइरस सार्न सक्छ ?

\+ यो निर्भर गर्छ कि मानिसले मास्क कसरी लगाएको छ। यदि कसैले एन-९५ मास्क लगाएको छ भने ९५ प्रतिशतसम्म सुरक्षा पाइन्छ । सर्जिकल मास्क धेरैजसोले खुकुलो गरेर लगाउँछन्। यसकारण सर्जिकल मास्क लगाउँदा मुखको वाष्प र हावा बाहिर नजाओस् यो ध्यान राख्नुपर्छ साथै बाहिरको हावा पनि मास्क भित्र नपसोस् यो ध्यान राख्नुपर्छ। यसबाट भाइरस शरीरमा प्रवेश गर्न सक्छ। सुतीको मास्कले ५० प्रतिशतसम्म सुरक्षा दिन्छ । तसर्थ डबल मास्क लगाउन सुझाव दिइँदैछ। बाहिर जाँदै हुनुहुन्छ भने तलतिर सर्जिकल मास्क लगाउने र माथि सुतीको मास्क लगाउनुपर्छ। सुतीको मास्क धुन पनि सकिन्छ तर एन-९५ मास्क लगाउँदा डबल मास्क लगउनुपर्दैन ।

## भारतले बनायो कोरोनाविरुद्ध पाउडर औषधि

भारतमा कोरोनाविरुद्ध औषधि टु-डिजी सोमवार १० हजार प्याकेट बिरामीलाई उपलब्ध गराइँदैछ। रक्षामन्त्री राजनाथ सिंहले सोमवार बिहान भिडियो बैठकबाट ओषधिको पहिलो ब्याच सार्वजनिक गरेका छन् ।

यो औषधि धूलोको रूपमा उपलब्ध छ । ओषधि सबैभन्दा पहिले दिल्लीको डिआरडिओ कोभिड अस्पतालमा भर्ना भएका बिरामीलाई दिइदैछ । अस्पतालका इन्स्टिच्युट अफ न्युक्लियर मेडिसिन एन्ड अलाइड साइन्सेसले डा. रेड्डीज लैबोरेट्रिजसँग मिलेर यो औषधि बनाएको हो । क्लिनिकल अनुसन्धानको दौरान टु-डिजी औषधिको ५.८५ ग्रामको पाउच तयार गरिएको छ। एक-एक पाउच बिहान-साँझ पानीमा घोलेर रोगीलाई दिइन्छ । यसको नतीजा राम्रो देखिएको छ। जुन रोगीले औषधि सेवन गरेका थिए, उनीहरूमा चाँडै रिकभरी देखियो। यस आधारमा ड्रग कन्ट्रोलर जनरल अफ इन्डियाले यस औषधिलाई आपत्कालमा प्रयोग गर्न स्वीकृति दिएको छ ।




अधिकारीका अनुसार भारतको २७ वटा अस्पतालमा यस औषधिको अन्तिम परीक्षण गरिएको थियो। त्यहाँ बचेको मौज्दात पनि जम्मा गरिएको छ। यसलाई दिल्लीको डिआरडिओ अस्पताल पुऱ्याइएको छ । यो औषधि हाल अस्पतालमा चिकित्सकको सल्लाह अनुसार दिइन्छ। जबसम्म यस औषधिलाई सामान्य प्रयोगको लागि स्वीकृति दिइँदैन तबसम्म यो बजारसम्म पुग्न सम्भव छैन । यो औषधि सेवन गर्नेहरूलाई अक्सिजन दिने आवश्यकता कम भएको थियो। औषधि लिएको तीन दिनपछि ४२ प्रतिशत रोगीलाई आक्सिजन दिनुपरेन। औषधि सेवन गरेको अढाई दिनपछि नशा, मुटुको ढुकढुकी, रक्तचाप, ज्वरो सामान्य भयो । ६५ वर्षभन्दा बढी उमेरका व्यक्तिमा पनि यही नतीजा देखिएको थियो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# मुख्यमन्त्रीद्वारा युएन एजेन्सीहरूसँग छलफल

धनुषा, ३ जेठ/रासस

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले कोरोना महामारी नियन्त्रणका लागि आवश्यक सहयोग गरिदिन प्रदेशस्थित राष्ट्रसङ्घीय निकाय (युएन एजेन्सी)लाई अपील गरेका छन् ।

प्रदेश नीति तथा योजना आयोगको संयोजनमा जनकपुरधामस्थित मुख्यमन्त्री निवास मधेस भवनमा सम्पन्न युएन एजेन्सीसँग छलफलमा मुख्यमन्त्री गद्दीले महामारी नियन्त्रणका लागि अत्यावश्यक देखिएका भेन्टिलेटर, अक्सिजन ग्यासको आपूर्ति, औषधि, जनशक्ति र खोप उपलब्ध गराइदिन अपील गरेका हुन् ।

युएन एजेन्सीहरूले मुलुकलाई गर्दै आएको सहयोग प्रदेशमा खासै नपुगेको गुनासो गर्दै मुख्यमन्त्री गद्दीले युएन एजेन्सीहरूबाट आउने सहयोग प्रदेशसम्म ल्याउन पहल गर्नसमेत प्रदेशस्थित प्रतिनिधिहरूलाई आग्रह गरे ।

युएन एजेन्सीहरूले हालसम्म महामारी नियन्त्रणमा गर्दै आएको सहयोगका लागि धन्यवाद दिँदै मुख्यमन्त्री गद्दीले आगामी दिनमा समेत सहयोगको अपेक्षा राखेको बताए ।

छलफलमा सामाजिक विकासमन्त्री नवलकिशोर साह, मुख्यन्यायाधिवक्ता दीपेन्द्र झा, नीति तथा योजना आयोगका उपाध्यक्ष डा भोगेन्द्र झा, युएनडिपीका धनबहादुर चन्द, युएनडिएसएसका जीतेन्द्रजङ्ग कार्की, डब्लुएचओका डा सुरेशकुमार शुक्ला, आइओएमका पङ्कजलाल सिंह, युनिसेफका अशोककुमार झा र युएनएफपिएका नरेन्द्र मिश्रको सहभागिता थियो ।



# २८८ जनाको परीक्षणबाट १२४ जना सङ्क्रमित थप

प्रस, वीरगंज, ३ जेठ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले आइतवार राति थप १२४ जना सङ्क्रमित पुष्टि गरेको छ ।

२८८ जनाको स्वाब नमुना परीक्षण गर्दा १२४ जना सङ्क्रमित पुष्टि भएको नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले बताए ।

थप सङ्क्रमितमा पर्साका ८८ जना, बाराका २० जना, रौतहतका १३ जना, सर्लाहीका दुईजना र धनुषाका एकजना गरी कुल १२४ जना सङ्क्रमित पुष्टि भएको संयोजक डा दासले बताए ।

सङ्क्रमित ९ देखि ७७ वर्ष उमेर समूहका ९१ जना पुरुष र ३३ जना महिला रहेको र उनीहरूको सिटी भ्यालु १६ देखि ३५ सम्म रहेको उनले जानकारी गराए ।

यसैबीच, पर्सा जिल्लाका १८ वटा अस्पतालका ५९७ वटा शय्यामा अहिलेसम्म ३६३ जना सङ्क्रमित रहेको र २३४ वटा शय्या खाली रहेको बताइएको छ । सङ्क्रमितमध्ये ११० जना महिला र २५० जना पुरुष छन् ।

यसैगरी, उनीहरूमध्ये पर्सा जिल्लाका १५७ जना रहेको र बाँकी ९४ जना अन्य जिल्लाका छन् । १८ वटा अस्पतालमा आइसियू १४५ शय्या भने भरिभराउ छन् ।

त्यसैगरी, ४४ वटा भेन्टिलेटरमध्ये ३५ वटामा सङ्क्रमित छन् भने ११ वटा अहिले पनि खाली छ । यसैगरी, ११८९ वटा अक्सिजन सिलिन्डर रहेकामा अहिले ६०५ वटा मात्र प्रयोगमा रहेको र ५८४ वटा सिलिन्डर प्रयोगमा आउन सकेको छैन ।

# अक्सिजन प्लान्टका लागि सहयोग

प्रस, वीरगंज, ३ जेठ/

वीरगंज महानगरपालिकालाई अक्सिजन प्लान्ट निर्माणका लागि सहयोग जुटन शुरू भएको छ ।

नगरप्रमुख विजयकुमार सरावगीलाई नेशनल इन्फोटेक कलेजले रु ५१ हजार र नीरज ज्वेलर्सले रु २५ हजार सहयोग गरेको बताए ।

नगरप्रमुख सरावगीले आफ्नो फेसबूक पेजमार्फत नारायणी अस्पतालमा अक्सिजन प्लान्ट जडानको लागि सहयोग आह्वान गरेका थिए ।

पर्साका सांसद बिमलप्रसाद श्रीवास्तवले यसअघि नारायणी



नगरप्रमुख सरावगीले पहिलो कोरोना सङ्क्रमणमा सबैको सहयोगमा एक करोड मूल्यको पिसिआर मेशिनसहित केही स्वास्थ्य उपकरण नारायणी अस्पताललाई सहयोग गरेको बताएका थिए । अक्सिजन प्लान्टको लागि करीब रु दुई करोड आवश्यक हुने बताइएको छ ।

अस्पताललाई आफ्नो संसदीय विकास कोषबाट रु दुई करोड अक्सिजन प्लान्ट जडानका लागि दिने घोषणा गरिसकेका छन् । दोस्रो चरणको कोरोना शुरू हुनुअघि नै उनले यस्तो घोषणा गरे पनि अस्पतालले अक्सिजन प्लान्ट जडानमा चासो देखाएको थिएन ।

# सानो पाइलाद्वारा तीन थान भेन्टिलेटर सहयोग

प्रस, वीरगंज, ३ जेठ/

सानो पाइलाले नारायणी अस्पताल वीरगंजलाई थप तीन थान भेन्टिलेटर सहयोग गरेको छ ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. ऐनामुलक हकलाई सानो पाइलाका दीपेश सर्राफसहितको टोलीले तीन थान भेन्टिलेटर हस्तान्तरण गरेको हो । नारायणी अस्पतालमा भेन्टिलेटरको अभाव रहेकोले सो संस्थाले सामाजिक सेवा अन्तर्गत भेन्टिलेटर सहयोग गरेको सानो पाइलाका कार्यकारी निर्देशक कञ्चन झाले बताए ।

भेन्टिलेटरमा जडान हुने एल्बो किट, नोजल क्यानुला, वाटर चैम्बर र प्याटेन्ट सर्किटलगायतका चार सेट मेडिकल उपकरण एनपिएल समाज कल्याण संस्था वीरगंजसँगको समन्वयमा प्राप्त भएको हो । राष्ट्रिय आविष्कार केन्द्रबाट प्राप्त भएको अक्सिजन स्प्लिटर पाँच सेट पनि नारायणी अस्पताललाई हस्तान्तरण गरिएको सो संस्थाले जनाएको छ ।

यस्ता उपकरणको सहायताले एउटै अक्सिजन सिलिन्डरबाट दुईजना बिरामीलाई अक्सिजन सपोर्ट दिन सकिने बताइएको छ ।



## उपमहानगरद्वारा अवैध काठ ढुवानी

प्रस, जीतपुर, ३ जेठ/

जीतपुरसिमरा उपमहानगरपालिकाको गाडी अवैध काठ ढुवानी गर्दा समातिएको छ । सशस्त्र प्रहरी रिजर्भ गण पिलुवा बाराका सशस्त्र प्रहरी उपरीक्षक मनोज थापाले सूचनाको आधारमा ना.१ ग ७६२ नम्बरको गाडी चेकजाँच गर्दा सोबाट अवैध काठ बरामद भएको बताए ।

गाडी जीतपुरसिमरा उपमहानगरपालिकाको भएको र सो गाडीका चालकले प्रारम्भिक बयानमा वडा नं ६ का अध्यक्ष केदारनाथ बजगाइँको आदेशमा काठ ढुवानी गरेको बताएका छन् ।




# ग्रीन सिटीद्वारा निश्शुल्क अक्सिमीटर वितरण

प्रस, वीरगंज, ३ जेठ/

दोस्रो चरणको कोभिड सङ्क्रमण बढेसँगै ग्रीनसिटीले आफ्नो सामाजिक भावनाले विभिन्न सङ्घसंस्था, व्यक्तिलाई अक्सिमिटर प्रदान गरिएको ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले बताए ।




उत्तरदायित्व बढाएको छ ।

विभिन्न सङ्घ संस्था र नागरिकलाई आफ्नो किसिमले सेवा प्रदान गरिरहेको क्रममा सङ्क्रमणको बेला निश्शुल्क अक्सिजन सेवा, एम्बुलेन्स सेवा, सुरक्षाकर्मीहरूलाई खाजापानीको व्यवस्था अनि बिरामीका लागि रक्सौलबाट औषधी ल्याइदिने सेवा गर्दै आएको ग्रीनसिटीले हिजो ८० वटा अक्सिमिटर वितरण गरेको छ ।

अहिले सङ्क्रमितहरूको अक्सिजन मात्र चेकजाँच गर्नका लागि अक्सिमिटरको माग बढेसँगै सेवा पवन रूङ्टाको सहयोगमा सो अक्सिमिटर वितरण गरिएको उनले बताए ।

कार्यक्रममा पत्रकार कन्हैया केशरी, राम सर्राफ, बिर्ता प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेशराज पुरी, एसटिएफका गोकुल बस्याँल, वीरगंज महानगरका सरफुद्दीन मियाँ, मुन्ना सर्राफ, ग्रीन सिटीका ज्योति रूङ्टा, सुशील कादमिया, त्रिलोक दारूका, राकेश अग्रवाल, चन्दन अग्रवाल, कैलाश बजाजलगायतको सहभागिता थियो ।

## प्रतिकूल अवस्थामा पनि......

सतिश साह, अर्जुन गुप्ता, सन्दीप बराई, कञ्चन गुप्तालगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।

निषेधाज्ञा र कोरोना सङ्क्रमण समुदायमा फैलिएपछि दुई साताहेखि रक्तदान कार्यक्रम प्रभावित भएको छ । घोषित रक्तदान कार्यक्रमहरू पनि अहिले स्थगित हुँदै आएको केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए । उनले अहिले रगतको माग घटेको तर सञ्चित रगत सकिएकोले समस्या भइरहेको बताए । अहिले केन्द्रमा O पोजेटिभ समूहबाहेक सबै समूहको रगत अभाव रहेको प्राविधिक प्रमुख पाण्डेयले बताएका छन् ।

# आजदेखि टेलिकमको भिओएलटिई सेवा परीक्षण

काठमाडौं, ३ जेठ/रासस

विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको अवसर पारेर नेपाल टेलिकमले भ्वाइस ओभर (भिओ) एलटिई सेवाको परीक्षण शुरू गरेको छ । टेलिकमको सेवा आधुनिकीकरण गर्ने भन्दै आजदेखि वायरलेस प्रविधिको चौथो पुस्ताको फोरजीमा एलटिई सेवाको परीक्षण शुरू गरिएको हो ।

उक्त सेवा प्रिपेड तथा पोस्टपेड फोरजी मोबाइलमा भिओ एलटिई सेवाको परीक्षण शुरू गर्न लागिएको टेलिकमका प्रवक्ता राजेश जोशीले जानकारी दिए ।

उनका अनुसार उक्त सेवाको उपलब्धतासँगै फोरजी मोबाइलमा हाइडेफिनेशन भ्वाइस, डायल गर्नासाथ सम्पर्क कायम हुने नेटवर्कको सहज उपलब्धताका साथै सेवामा थप गुणस्तरीयता महसूस गर्न सकिनेछ ।

**कसरी लिने सेवा**

सो सेवाका लागि भिओएलटिई सपोर्ट गर्ने मोबाइलमा ८४४४३ डायल गरी प्राप्त निर्देशनको अनुसरण गरी सिममा भिओएलटिई एक्टिभेट गर्न सकिने छ ।

यस्तै सो सेवा मोबाइलमा सक्रिय गर्नका लागि मोबाइलको सेटिङमा गई भिओएलटिई कल फर एनटिसी सिमसमेत इनेबल गर्नुपर्दछ । लगत्तै मोबाइल सेटको माथिल्लो लहरमा भिओएलटिईको सङ्केत देखापर्दछ । भिओएलटिईको सङ्केत देखा नपरेमा ८१११३ डायल गर्नुपर्दछ ।

भिओएलटिई सेवाका प्रयोगकर्ताले नेपाल टेलिकमको नेटवर्कमा २८ दिनसम्म प्रयोग गर्न सक्नेछन् भने एक सय मिनेट भ्वाइस सुविधा एकपटकका लागि निश्शुल्क उपलब्ध गराइने छ । आफ्नो मोबाइल सेटले भिओएलटिई सपोर्ट गर्छ/गर्दैन भनी थाहा पाउनका लागि तथा उक्त सेवासम्बन्धी थप जानकारीका लागि टेलिकमको वेबसाइटमा लिङ्क प्रयोग गर्न सकिनेछ ।

## स्वास्थ्य नै ठूलो धन हो ।

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, सत्य, तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं ।

- प्रत्येक नागरिकको सत्य, तथ्य सूचना जान्न/बुझ्न पाउने अधिकारको सम्मान गरौं ।
- कोभिड-१९ को सङ्क्रमणबाट बच्न सरकारले गरिरहेको प्रयासको बारेमा सत्य, तथ्य र यथार्थमा आधारित सूचना प्रवाह गरौं ।
- सचेतनाको माध्यम नै यस महामारीबाट बच्ने उत्तम उपाय भएकोले सत्य/तथ्य बुझेर मात्र सामाजिक सञ्जालमा रहेको सूचनाहरूको प्रयोग गरौं ।
- सामाजिक सञ्जाल सूचना प्रवाह गर्ने उत्तम माध्यम भएकोले सही सूचना र जानकारी मात्र प्रवाह गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग